नेपाल सरकार

# राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति

खुमलटार, ललितपुर

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ वमोजिमसार्वजनिक गरिएको राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिसंग सम्बन्धित सूचनाहरुको प्रकाशन**

सूचना सार्वजनिक गरेको अवधिः- २०७७ माघ १ देखि २०७७ चैत्र मसान्तसम्म ।

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६४ को नियम ३ वमोजिम सार्वजनिक गरिएको राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिसंग सम्बन्धित सूचनाहरुको प्रकाशन

सूचना सार्वजनिक गरेको अवधिः- २०७७ माघ १ देखि २०७७ चैत्र मसान्तसम्म ।

## निकायको स्वरुप र प्रकृतिः

- विकास समिति ऐन, २०१३ बमोजिम स्थापना भई राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१ बमोजिम श्री वन तथा वाताबरण मन्त्रालय तालुक निकाय रहने गरि मन्त्रालयको राष्ट्रिय गौरबको आयोजनाको रुपमा कार्यक्रम संचालन ।

## निकायको काम, कर्तव्य र अधिकारः

- राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१ र चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ मा भएको व्यवस्था बमोजिम रहेको ।

## निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

- समितिको सचिवालय र समिति अन्तर्गतका कार्यक्रम कार्यान्वयन इकाई ५ समेत गरि कुल कर्मचारी दरबन्दी संख्या १२४ रहेको छ र कार्य विवरण राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१ बमोजिम रहेको छ ।

## निकायबाट प्रदान गरिने सेवाः

- विकास समिति ऐन,२०१३,राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१, चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ मा भएको व्यवस्था तथा नेपाल सरकारको प्रचलित ऐन, नियम, निर्देशिका बमोजिम चुरे संरक्षणको कार्य क्षेत्र भित्र रही दिन सक्ने सम्पूर्ण सेवाहरु ।

## सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

- सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस समितिको वेबसाइट www.chureboard.gov.np मा उपलब्ध छ ।

## सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

- यस समितिले प्रदान गर्ने चुरे संरक्षण सम्बन्धि विभिन्न प्रकृतिको सेवा सम्बन्धि विवरण यस समितिको नागरिक बडापत्र र वेबसाइट www.chureboard.gov.np मा राखिएको छ ।

## निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- यस समितिको कार्यक्षेत्र भित्र रहेका विभिन्न काम कार्वाहीमा नेपाल सरकारले जारी गरेको सरकारी निर्णय प्रकृया सरलीकरण निर्दिशका, २०६५ मा व्यवस्था भए अनसुार निर्णय हुने गरेको छ ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम ।

**निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

- यस समितबाट उपलब्ध गराईएको सेवा उपर चित्त नबुझेको खण्डमा समितिका सदस्य सचिव डा कृष्ण प्रसाद आचार्य समक्ष उजुरी गर्न सकिनेछ

**सम्पादन गरेको कामको विवरणः**

- राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१ र चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ मा भएको व्यवस्था बमोजिम सालवसाली रुपमा प्राप्त हुने बजेट सिलिङ्गको परिधि भित्र रही तयार गरिएका कार्यक्रमहरु सम्पादन भइरहेको छ ।

**सूचना अधिकारी र प्रमुखको नाम र पदः**

- सूचना अधिकारी श्री शंकर कुमार गिरी (सहायक वन अधिकृत)
- प्रबक्ता श्री शरद बाबु पगेनी (उप-सचिव)
- प्रमुखको नाम र पदः डा कृष्ण प्रसाद आचार्य (सदस्य-सचिव)

**ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- यस समितको कार्य क्षेत्रसंग सम्बन्धित निम्न बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिका रहेका छन्

  १. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१

  २. वन ऐन, २०४९ र वन नियमावली, २०५१

  ३. राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९

  ४. वातावरण संरक्षण ऐन, २०७६तथा वातावरण संरक्षण नियमावली, २०७७

  ५. भू-तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४१

  ६. सार्बजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४

  **७.** नेपाल सरकार वाट राजपत्रमा वातावरणीय सम्बन्धी विभिन्न मितिमा प्रकासित मापदण्ड,कार्यविधि तथा निर्देशिकाहरु

**बजेट सम्बन्धी विवरणः**

- चालु आ.व. २०७७/७८ मा यस समितिमा बिनियोजन कुल बजेट रकम रु १ अर्ब ५५ करोड ६३ लाख रहेकोमा ५३ करोड १४ लाख वेदेशिक श्रोतको रकम हालसालै नेपाल सरकारको श्रोतमा समाबेश भइ आएको ।

**तोकिए बमोजिमका अन्य विवरणः**

- समितिले नियम अनुसार तोकिए बमोजिमका विवरणहरु समेत समितिको वेबसाइटमा प्रकाशित गर्ने गरिएको ।

**समितिले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**

| क्र.सं | प्रमुख क्रियाकलापहरु | चैत्र सम्मको प्रगति |
|---|---|---|
| १ | विरुवा उत्पादन/खरिद (२ लाख ५० हजार) तथा वृक्षारोपण | ५ वटा नर्सरी निर्माण स्थान छनौट, विरुवा उत्पादनको लागत अनुमान तयरी भई २००००० विरुवा उत्पादन/खरिद कार्य जारी |

| क्र.सं | प्रमुख क्रियाकलापहरु | चैत्र सम्मको प्रगति |
|---|---|---|
| | | रहेको। |
| २ | कृषि वन प्रणाली प्रवर्धन (१२०हेक्टर) | ११२ हेक्टर स्थान छनौट भइ तथा ७८.२ हेक्टरको लागत अनुमान तयार भएको । |
| ३ | पर्यापर्यटन क्षेत्र प्रवर्धन कार्यक्रम (१३ वटा) | १३ वटाको प्रारम्भिक कार्य सम्पन्न भई ११ वटाको संरचना निर्माण/ प्रवर्धन कार्य भईरहेको । ३ स्थानमा संरचना निर्माण/ प्रवर्धन कार्यक्रम सम्पन्न भएको । |
| ४ | चुरे क्षेत्रमा अव्यवस्थित जोखिमयुक्त वस्तिहरुको पहिचान एवं नक्शांकन ( वटा) | त्रिभूवन विश्व विद्यालय भूगोल केन्द्रीय विभागसंग G to G मार्फत अध्ययन अनुसन्धान कार्य जारी रहेको । |
| ५ | तालतलैया/सिमसार संरक्षण तथा व्यवस्थापन(२७ वटा) | २७ वटा स्थानको प्रारम्भिक कार्य सम्पन्न भई ६ स्थानको कार्य जारी रहेको ५ स्थानमा कार्य सम्पन्न भएको । |
| ६ | गल्छी, पहिरो, खहरे रोकथाम (१३८ वटा) | १३८ वटा स्थानको प्रारम्भिक कार्य सम्पन्न भई ४९ स्थानको कार्य जारी रहेको ३१ स्थानमा कार्य सम्पन्न भएको । |
| ७ | नदी तथा खोला किनारा स्थिरिकरण/व्यस्थापन (स्पर, डाइक, बायो इन्जिनियरिंग समेत) (२३ किमि) | २.८७ कि.मि.को प्रारम्भिक कार्य सम्पन्न । ७.३३ कि.मी.मा कार्य जारी रहेको ६.८३ कि.मी. कार्य सम्पन्न भएको । |
| ८ | भूमिगत जल पूनर्भरण र सतहमुनिको पानी उपयोग (५६ वटा) | ५६ वटा स्थानको प्रारम्भिक कार्य सम्पन्न १६ स्थानमा संरचना निर्माण कार्य जारी र ९ स्थानमा संरचना निर्माण कार्य सम्पन्न भएको |
| ९ | विश्व विद्यालयको समन्वयमा विश्व विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई अध्ययन अनुसन्धानका लागि सहयोग (१०जना) | विश्व विद्यालयमा १० जना अध्ययनरत विद्यार्थीहरुबाट अध्ययन अनुसन्धान सहयोगका लागि प्रस्ताब आब्हान भएको । |

**सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधीः**

- सूचना वर्गीकरण गरिएको अवस्था नभएको सूचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुनेगरी संरक्षण गरिएको ।

**सार्वजनिक निकायमा परेका सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएकोः**

- यस अवधिमा सूचना मागको लागि कुनै निवेदन प्राप्त नभएको, कुनै उजुरी दर्ता नभएको र कुनै गुनासो समेत नआएको।

**सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः**

- वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई समितिको वेबसाइटमा समेत प्रकाशन गरिएको,सरोकारवाला र अन्य निकायमा समेत सूचना प्रवाह गरिएको छ